# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन,
वागमती प्रदेश,नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive

Bharatpur, Chitwan
Bagmati province, Nepal

प.सं. ०७९/८० पञ्जीकरण

च.नं. ११

मिति: २०७९/०४/०४

श्री वडा कार्यालयहरु सबै,
भरतपुर महानगरपालिका नगर कार्यपालिको कार्यालय,
भरतपुर, चितवन ।

विषय: सामाजिक सुरक्षा भत्ताको लागि दर्ता नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत अनलाईन भर्पाई अर्थात् फर्वाड फिडको आधारमा हुने व्यहोरा विदितै छ । वडाबाट अनलाईन प्रणाली VERSP-MIS मार्फत प्रविष्ट हुने लाभग्राहीहरुको विवरण अनुसार फर्वाड फिड निर्माण हुने र कुनै व्यक्तिले बैंक खाता नखोलेको भए फर्वाड फिडमा भएको विवरण अनुसार बैंकले सो व्यक्तिको निष्कृय बचत खाता खोली रकम जम्मा गरिदिने र सो व्यक्ति बैंकमा रकम झिक्न आउँदा आवश्यक सबै विवरण लिई फर्वाड फिडमा भएको विवरणसँग भिडाई रकम भुक्तानी गर्ने व्यहोरा जानकरीको लागि अनुरोध छ ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनलाईन विवरण फरक परेमा बैंकबाट रकम भुक्तनीमा समस्या आउने भएकोले सामाजिक सुरक्षा भत्ताको लागि दर्ता नविकरण गर्दा अनलाईन प्रणालीमा सो व्यक्तिको सबै विवरण भए नभएको यकिन गरी विवरण गलत प्रविष्ट भएको रहेछ भने विवरण सच्याउनुहुन साथै विवरण पुरा नभएमा विवरण थप गरेर मात्र दर्ता नविकरण गर्नुहुन अनुरोध गरिन्छ ।

साथै नविकरण गर्नुपुर्व लाभग्राहीको विवरण चेकजाँच गर्दा फोटो तथा नागरिकता, जन्मदर्ता, पतिको मृत्यु दर्ता, सम्बन्ध विच्छेद दर्ता, न्यायिक पृथकिकरण, अर्को विवाह नगरेको सिफारिस, अपाङ्गता परिचयपत्र, आदि सबै कागजात सम्बन्धित सबै लाभग्राहीहरुको अनलाईन रेकर्डमा अपलोड नभएको भए अपलोड गर्नुहुन समेत अनुरोध छ । नयाँ दर्ताको लागि पनि सोही अनुसार आवश्यक फोटो र सबै कागजात अपलोड गरी अनलाईन दर्ता गर्नुहुन अनुरोध छ ।

लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको लागि दर्ता नविकरण लाभग्राहीहरुको उपस्थिति बिना एकमुष्ट नगर्नुहुन अनुरोध गरिन्छ । नविकरणको लागि लाभग्राहीहरुलाई स्वयं उपस्थित गराई आवश्यक फोटो तथा सबै कागजात लिएर यसै पत्रसाथ संलग्न गरी पठाईएको ढाँचा अनुसारको निवेदन लिई नविकरण गरिदिनुहुन साथै बालबालिका वा आफैं उपस्थति हुन नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा स्यारसुसार गर्ने व्यक्ति मार्फत अतिरिक्त निवेदन फाराममा लाभग्राहीको सहिछाप गराएर मात्र नविकरण गर्नुहुन अनुरोध छ ।

शान्ता कुमारी पौडेल
(प्रमुख)
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
पञ्जीकरण शाखा ईमेल- bharatpurmetrocity.panjikaran@gmail.com
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,

.................................गाउँपालिका / नगरपालिका

वडा नं. ...............

जिल्ला..................

प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

| | |
|---|---|
| नाम थर:- | लिङ्ग:- |
| लक्षित समूह:- | सामाजिक सुरक्षा परिचयपत्र नं:- |
| राष्ट्रिय परिचयपत्र नं.:- | सम्पर्क मोबाइल नं:- |
| दस्तखत:- | मिति:- |

## संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थरः-..................................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखतः-..............

सम्पर्क मोबाईल नं.:-

नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मितिः-

## कार्यालय प्रयोजनको लागि

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीकोः

नाम थरः

पदः

दस्तखतः

मितिः